केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०५/०६९/७० मिति: २०६९/०६/१०

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन २०६९ को निर्देशन नं. १ को अनुसूची १.१ (Capital Adequacy Framework 2007) को बुँदा नं. २.३ (b) को अन्तिम वाक्य "The banks should obtain written approval of NRB for including any subordinated debt instruments (like Debenture/Bonds) in supplementary (Tier-2) capital" लाई हटाईएको छ ।

२. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २ को बुँदा २० लाई देहाय बमोजिम कायम हुने गरी संशोधन गरिएको छ ।

"२०. स्वीकृत भौगोलिक कार्यक्षेत्रभित्र मात्र कर्जा प्रवाह गर्नु पर्ने सम्बन्धमा

*इजाजतपत्रप्राप्त राष्ट्रियस्तरका बैंक तथा वित्तीय संस्थाहरु बाहेक अन्य संस्थाहरुले अचल सम्पत्ति धितो राखी कर्जा प्रवाह गर्दा त्यस्तो कर्जाको धितो र परियोजना/व्यवसाय आफ्नो भौगोलिक कार्यक्षेत्रभित्र हुनुपर्ने छ । हायर पर्चेज अन्तर्गत कर्जा प्रवाह गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।*

*तर, यो निर्देशन जारी हुनु अघि प्रवाह भएको कर्जाको हकमा २०७१ असार मसान्तभित्र नियमित गरिसक्नु पर्नेछ । अन्यथा, त्यस्तो कर्जा असुली नभएसम्म शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । साथै, यस अघिको निर्देशन बमोजिम कार्यक्षेत्र बाहिरको धितो लिई प्रवाह भएको कर्जामा कायम गर्नुपर्ने शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था यस निर्देशन बमोजिम समायोजन गर्न पाइने छैन ।"*

भवदीय,

पूर्णबहादुर खत्री
का.मु. कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।